२०७५ असार
सोमबार
४

सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टीको दर्ता किन बदर नगर्ने भन्दै निर्वाचन आयोगसँग कारण देखाउ आदेश जारी गरेको छ।

# नेपाल

## समाचार संक्षेप

### केन्द्रीय समितिमा ३३ प्रतिशत महिला खोई

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टीको दर्ता किन बदर नगर्ने भन्दै निर्वाचन आयोगसँग कारण देखाउ आदेश जारी गरेको छ। सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हाको एकल इजलासले आइतबार ३३ प्रतिशत महिला नराखी सो पार्टी दर्ता गरेकोमा पार्टी बदर किन नगर्ने भनी निर्वाचन आयोगको नाममा कारण देखाउ आदेश जारी गरेको हो।

नेपाल कम्युनिस्ट पार्टीले केन्द्रीय समितिमा ३३ प्रतिशत महिला नराखी दल दर्ता गरेको भन्दै वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीसहित १४ जनाले निर्वाचन आयोगलाई विपक्षी बनाइ रिट दर्ता गराउनुभएको थियो।

३३ प्रतिशत महिला प्रतिनिधित्वबिनै नेपाल कम्युनिस्ट पार्टीलाई निर्वाचन आयोगले मान्यता दिई दर्ता गरेपछि पार्टी बदर गर्न माग गर्दै वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीसहित १४ जनाले रिट दर्ता गराउनुभएको थियो। तत्कालिन नेकपा एमाले र माओवादी केन्द्रले संयुक्त रूपमा निर्वाचन आयोग पुगी गत जेठ २३ गते निर्वाचन आयोगमार्फत् दल दर्ता भएको प्रमाणपत्र प्राप्त गरेका थिए।

### चीन भ्रमणबारे पूर्वप्रमहरूलाई जानकारी

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो आसन्न चीन भ्रमण सबै दृष्टिले उपलब्धिमूलक बनाउने तयारी भएको बताउनुभएको छ। चीन भ्रमणको तयारीका सम्बन्धमा आइतबार सिंहदरबारमा पूर्वप्रधानमन्त्रीहरूलाई अवगत गराउँदै उहाँले सबैको चाहना र भावनालाई समेटर आफू चीन भ्रमणमा जान लागेको बताउनुभएको हो।

प्रधानमन्त्रीको आसन्न भ्रमणलाई चिनियाँ पक्षले दुई पक्षीय सम्बन्धमा सबैभन्दा महत्वपूर्ण पहलकदमीका रूपमा अंगीकार गरेको उहाँको भनाइ थियो। भ्रमणका अवसरमा नेपाल-चीन सीमा क्षेत्रमा थप पाँच नाका खोल्ने समझदारी हुन लागेको उहाँले जानकारी दिनुभयो।

पूर्वप्रमहरूसँगको छलफलमा नेकपाका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपाल-चीन-भारतबीच त्रिदेशीय सम्बन्ध अगाडि बढ्नु सकारात्मक भएको बताउनुभयो। पूर्वप्रम डा. बाबुराम भट्टराईले प्रधानमन्त्री ओलीलाई लिखित सुझाव प्रस्तुत गर्नुभएको थियो।

### नारायणगढ–मुग्लिन सडकखण्ड एकतर्फी सञ्चालन

चितवन, (नेस)

आइतबार साँझ पानीसँगै आएको पहिरोले अबरुद्ध बनेको नारायणगढ मुग्लिन सडकखण्ड साँझ ७ बजेबाट एकतर्फी सञ्चालनमा आएको छ। इच्छाकामना गाउँपालिका ६ स्थित जलविरे भन्ने स्थानमा माथिबाट पहिलो झर्दा सडक अवरुद्ध बनेको नारायणगढ मुग्लिन सडक आयोजनाका सूचना अधिकारी शिव खनालले जानकारी दिए।

साँझ पौने ६ बजेपछि सडक अबरुद्ध भएको हो। पहिरोसँगै रुख र बिजुलीको पोलसमेत लडेकोले सवै पहिरो हटाएर दुईतर्फी गर्न समय लाग्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख वेदप्रसाद गौतमले जानकारी दिए।

# चिनियाँ परियोजना कार्यान्वयन गर्न छुट्टै संयन्त्र

नेपाल समाचारपत्र

काठमाडौं

छिमेकी मुलुक चीनको आर्थिक तथा प्राविधिक सहयोगमा नेपालमा शुरु भएका र आगामी दिनमा सञ्चालनमा आउने परियोजना कार्यान्वयन गर्न छुट्टै संयन्त्र निर्माण हुने भएको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणलाई लक्षित गर्दै आइतबारको मन्त्री परिषद् बैठकले यस्तो निर्णय गरेको हो। दुवै मुलुकबाट परराष्ट्र मन्त्रालयका उच्च अधिकारी संलग्न रहने गरी संयन्त्र तयार हुनेछ। परराष्ट्रले प्रस्तुत गरेको ड्राफ्ट मन्त्री परिषद्ले स्वीकृत गरेको हो। प्रधानमन्त्री ओलीको भ्रमणका बेला द्धिपक्षिय संयन्त्र गठन सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर हुने बताइएको छ।

प्रधानमन्त्री ओलीको अघिल्लो कार्यकालमा चीन भ्रमणका बेला भएका व्यापार, पारवहन, कनेक्टीभिटी, उर्जालगायतका विषय कार्यान्वयन नभएको अवस्थामा मन्त्री परिषद्ले यस्तो निर्णय गरेको हो। ओलीको यसपटकको चीन भ्रमण मुख्यतया विगतमा भएका सम्झौता कार्यान्वयनमा केन्द्रित रहने परराष्ट्रले जनाएको छ। यसपटक करिव एक दर्जन विषयमा सहमति/सम्झौता गर्न सरकारले गृहकार्य अघि बढाएको बताइएको छ।

चिनियाँ समकक्षी ली खछ्याङ्गको औपचारिक निमन्त्रणमा प्रधानमन्त्री ओली भोलि मंगलबार चीन भ्रमणमा जाँदै हुनुहुन्छ। यो भ्रमणका क्रममा रसुवा-केरुङ र तातोपानी खासा नाका जोड्ने गरी पुल निर्माण, उर्जा, अन्तरदेशिय विद्युत् प्रशारण लाइन विस्तार, कृषि र पशुपालनबारेको सहयोग उपलब्ध गराउने बारेमा दुवै मुलुकबीच हस्ताक्षर हुँदै छ।

त्यसैगरी पूर्वको ताप्लेजुङदेखि सुदुरपश्चिमको दार्चुलामा विभिन्न भेगमा ८ नाका खुलाउँदै तिब्बेतियन हाइवे सञ्चालन गर्ने बारेमा पनि दुवै मुलुक बीच सम्झौता हुँदैछ। 'बेल्ट एन्ड रोडइनिसिएटिभ (बीआरआई) परियोजनामा नेपालका प्राथमिकता र आवश्यकताअनुसार सहयोग गर्न आफ्नो मुलुक तत्पर रहेको यस अघि नै चीनले बताइसकेको छ।

प्रधानमन्त्रीको भ्रमण टोलीमा गृहमन्त्री रामबहादुर थापा, परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली, उर्जा मन्त्री वर्षमान पुन, भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठ सहभागी हुने बताइएको छ। त्यसैगरी सांसदहरू राजेन्द्रकुमार केसी, पार्वती डीसी चौधरी, विशाल भट्टराई, प्रेम आले, जयपुरी घर्ती, सुरेन्द्रप्रसाद कुमार यादव सहभागी हुने प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयले जनाएको छ। चीन भ्रमणबारे प्रधानमन्त्री ओलीले आज सोमबार अपरान्ह संसद्लाई जानकारी गराउँदै हुनुहुन्छ।

# संघीय संसद्को नियमावली पेस

काठमाडौं, (नेस)

संघीय संसद्को आइतबारको संयुक्त बैठकमा संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली मस्यौदा समितिको प्रतिवेदन-२०७५ प्रस्तुत भएको छ।

प्रतिनिधिसभा नियमावली मस्यौदा समितिका सभापति कृष्णभक्त पोखरेलले संघीय संसद्मा आइतबार प्रतिवेदन प्रस्तुत गर्नुभएको हो। बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रपतिलाई संयुक्त बैठक आह्वानका लागि सिफारिस गरेको थियो। प्रतिवेदनमा ८ परिच्छेद र ४३ नियम छन्। सोमबार र मंगलबार संशोधनका लागि फारम भर्न समय दिइएको छ। संसद् सचिवालय नयाँ बानेश्वरमा फारम पाइने सभामुख कृष्णबहादुर महराले जानकारी दिनुभयो।



संयुक्त बैठक सञ्चालन कार्यविधि, साझा समिति र कतिपय निर्णय तथा अनुमोदन गर्ने प्रक्रिया संघीय संसद्को कार्यक्षेत्रभित्र पर्दछन्। संयुक्त बैठक सञ्चालन कार्यविधि, साझा समिति र कतिपय निर्णय तथा अनुमोदन गर्ने प्रक्रियाहरू संघीय संसद्को कार्यक्षेत्रभित्र पर्दछन्। प्रतिनिधिसभामा रहेको १३ सदस्यीय र राष्ट्रियसभामा ९ सदस्यीय नियमावली समितिले यो नियमावली बनाएको हो।

गत सोमबार बस्ने भनिएको संयुक्त बैठक विशेष कारणवश भन्दै अन्तिम समयमा स्थगित गरिएको थियो। विधि र प्रक्रियाका बारेमा प्रश्न उठ्ला कि भनेर सोमबारको बैठक स्थगित गरिएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) की सचेतक शान्ता चौधरीले बताउनुभएको थियो। संघीय संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराईले गत आइतबार सूचना जारी गरी संयुक्त बैठक बोलाउनुभएको थियो। संघीय संसद्को अर्को बैठक ८ गते ४ बजे बोलाइएको छ।

# उम्मेदवार हुँदा एजेन्डा मन्त्री भएपछि अरूकै माग

बाँके, (नेस)

मो. इस्तियाक राई गएको चुनावमा यहींका उम्मेदवार थिए। ठूल्ठूला पार्टीका उम्मेदवारलाई पछारेर उनी अघि बढे। बाँके क्षेत्र नं. २ को सांसद हुँदै मन्त्री भए।

शहरी विकास मन्त्री भएपछि राई पहिलोपटक घर आएका छन्। गृह जिल्लामा उनलाई यतिबेला बधाई र सम्मानले भ्याइ-नभ्याइ छ।

जिल्ला समन्वय समितिको संयोजनमा आइतबार जनप्रतिनिधि र कार्यालय प्रमुखसँग मन्त्री राईको साक्षत्कार राखियो। जनप्रतिनिधिहरूले भेरी अञ्चल अस्पतालको स्तरोन्नति, नेपालगन्ज विमानस्थलको स्तरोन्नति गरेर नेपालगन्ज-दिल्ली उडान, डुवान, भारतले बनाएको सडकजस्तो बाँध, हुलाकी सडकदेखि स्वास्थ्य समस्याका बारेमा मन्त्री राईको ध्यानाकर्षण गराए। एक प्रकारले भन्ने हो भने यहाँको प्रमुख समस्याहरू यी हुन्, यसमा हेरविचार गरिदिनुपर्‍यो भने।

हिजो चुनावमा उम्मेदवार बन्दा यी सबै राईका एजेन्डा थिए। नेपालगन्ज उपमहानगरपालिका र डुडुवा गाउँपालिका समेटिएको क्षेत्र नं. २ को उम्मेदवार बनिरहँदा राईले यी सबै समस्याहरू आफ्नो एजेन्डामा समेटेका थिए। समयले साथ दियो। चुनाव जिते। उनी मन्त्री भए। उनकै एजेन्डालाई अहिले जनप्रतिनिधिहरूले उनैलाई सुनाएका छन्। काम गरिदिनुपर्‍यो भनेका छन्। जिल्ला समन्वय समितिका उपसंयोजक ज्ञानेन्द्र चौधरी, खजुरा गाउँपालिकाका अध्यक्ष किस्मतकुमार कक्षपति चुनावमा आफ्नै एजेन्डा रहेका अधिकांश समस्या सुनाएपछि मन्त्री राईले सबैको समाधानसहित नमुना शहर बनाउन लागि परेको उद्घोष गरे।

## गोलाप्रथाबाट...

राष्ट्रपतिबाट मनोनित ३ जना सदस्यको समूहको कार्यकाल प्रत्येकको २, ४ र ६ वर्षको हुने गोलाप्रथा विधिमा उल्लेख छ। राष्ट्रियसभा नियमावली, २०७५ जेठ २७ गते बहुमतले पारित भएको थियो।

कुनै सदस्य विशेष कारणवश उपस्थित हुन नसक्ने अवस्था आएमा अन्य कुनै सदस्यलाई अख्तियारी दिन सक्नेछ, तर उपस्थित नभए वा अख्तियारी नदिए पनि आएको परिणामउपर कुनै प्रश्न उठाउन नपाइने व्यवस्था छ। नियमावलीअनुसार संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराईले ५ दिनअघि (बुधबार) गोलाप्रथासम्बन्धी सूचना गर्नुभएको थियो। सांसद सदस्य वा अख्तियारी प्राप्त व्यक्तिले कम्प्युटर प्रिन्ट गरिएको समान आकार र रंगको कागजलाई कुनै भाँडोभित्र राखी समूहअनुसार तान्न लगाइन्छ र त्यो गोला संसद् सचिवालयका महासचिवलाई दिनुपर्नेछ, गोलाप्रथामा भएको पदावधिलाई महासचिव वा निजले तोकेको अधिकृतले पढेर सुनाउनेछन्। यो अभिलेख सचिवालयले राख्नेछ।

पदावधि कायम भएको जानकारी महासचिवले नेपाल सरकार मन्त्रिपरिषद् तथा निर्वाचन आयोगलाई दिनुपर्ने हुन्छ। यो सूचना नेपाल राजपत्रमा प्रकाशित हुनेछ।

संविधानको धारा ८६ मा 'राष्ट्रियसभाको गठन र सदस्यहरूको पदावधि' सम्बन्धी व्यवस्था छ। यो धाराको उपधारा (३) मा लेखिएको छ- 'राष्ट्रिय सभाका सदस्यहरूको पदावधि ६ वर्षको हुनेछ। यो संविधान प्रारम्भ भएपछि पहिलोपटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्षको हुने गरी पदावधि कायम गरिनेछ।' प्रतिनिधिसभाको कार्यकाल भने ५ वर्षको मात्र हुनेछ। प्रतिनिधि सभा र राष्ट्रियसभाको संयुक्त रूपलाई संघीय संसद् भनिन्छ। प्रतिनिधि सभा तल्लो र राष्ट्रियसभा माथिल्लो सदन हो।

५९ सदस्यीय राष्ट्रियसभामा तत्कालीन नेकपा एमालेका २९, नेपाली कांग्रेसले १३, तल्कालीन नेकपा माओवादी केन्द्रका १०, राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरमका २/२ सदस्य रहेका छन्। सरकारको सिफारिसमा राष्ट्रपतिबाट ३ जना मनोनित भएका छन् जसमध्ये डा. युवराज खतिवडा अर्थमन्त्री हुनुहुन्छ। राष्ट्रियसभाको निर्वाचन माघ २४ गते भएको थियो।

## समायोजनमा...

मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले अधिकार हस्तान्तरण गर्ने र लिने दुवै पक्ष पूर्ण रूपमा तयार भइनसकेकाले व्यवस्थापनमा समय लागेको बताउनुभयो। यसबारे सरकारको औपचारिक निर्णय आउने पनि उहाँले बताउनुभयो।

खारेजीमा परेका कार्यालयको चलअचल सम्पत्ति र दायित्व हस्तान्तरण गर्न ७७ वटै जिल्लामा जिससको संयोजकत्वमा समिति बनाइएको थियो। समितिमा विषयगत कार्यालयका प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालयका अधिकृत र जिल्ला समन्वय अधिकारी रहनुभएको छ।

समितिले सम्पत्ति, दायित्व तथा बजेट सम्बन्धी आवश्यक व्यवस्था जनशक्ति, सम्पत्तिको लगत संकलन गरिसकेको छ। यसबीचमा असार मसान्तसम्म ती कार्यालय रहने भने पनि समितिको काम ठप्प भएको छ। कार्यालय स्थानीय तहमा हस्तान्तरण गर्न कर्मचारीको समायोजन टुंगो लगाउनुपर्ने जरुरी रहेको मन्त्रालयले जनाएको छ। 'कर्मचारी समायोजन नभएसम्म उसले प्रयोग गर्ने सामान कसरी हस्तान्तरण हुन्छ' -मन्त्रालयका एक अधिकारीले भने।

अहिले जिल्लास्थित शिक्षा कार्यालय जिल्ला प्रशासन कार्यालयमा राखिएको छ। र जिल्ला जनस्वास्थ्य कार्यालय जिल्ला समन्वय समिति संयोजनमा यथावत् राखिएको छ। यसैबीच सरकारले जिल्लामा नौवटा कार्यालय रहने निर्णय गरेको छ। त्यसमा जिल्ला प्रशासन, जिल्ला प्रहरी, जिल्ला हुलाक, कोष तथा लेखा नियन्त्रण, जिल्ला निर्वाचन, जिल्ला मालपोत, नापी, जिल्ला अदालत र जिल्ला सरकारी वकिलको कार्यालय रहेका छन्।

## नियमनकारी...

वास्तवमा शिक्षा मन्त्रालय, विभाग जिल्ला प्रशासनको निरीहता र लाचारीपनको कारण निजी विद्यालय बन्दको शिकार बन्दै गएका छन्।

**Mega Bank Nepal Limited**

**INTEREST RATES**

**Effective from 18th June 2018**

| (A) Deposits | Rate Per Annum | Minimum Balance |
|---|---|---|
| **Savings Deposit** | | |
| Mega Rising Savings Account | 8.50% | NPR 10,000 |
| Mega Corporate Benefit Savings Account | 8.25% | NPR 1,000 |
| **Mega Rising Fixed Term Deposit** | For Individuals Only | |
| 1 Year; Minimum Balance Rs. 1 Lakh | 12.50% | |
| Base Rate (Baisakh 2075) | 11.03% | |
| Average Interest Rate Spread (as per NRB Directives) Baisakh 2075 | 4.49% | |

Notes:
1. All above rates are Per Annum Interest Rates.
2. Other rates remain unchanged.

MEGA BANK NEPAL LIMITED

Mega Bank Nepal Ltd., Rising Mall, Kamaladi, Kathmandu.
Post Box No: 26559, Phone No: 01-4169217/16/05/04, Fax No: 01-4169215

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय काठमाडौं १, मिनभवन

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी संशोधित सूचना**

(प्रकाशित मिति : २०७५/०३/०४)

यस कार्यालयबाट मिति २०७५/०२/२८ को नेपाल समाचारपत्र दैनिक पत्रिकामा ठेक्का नं. DROKTM/ 3371494/074/75/059 को आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना प्रकाशित गरिएकोमा प्राविधिक कारणवश उक्त आर्थिक प्रस्ताव खोल्ने मिति २०७५/०३/०५ गते दिनको १३:०० वजे हुने गरी संशोधन गरिएको व्यहोरा सम्बन्धीत सबै बोलपत्रदाताहरुलाई जानकारी गराइन्छ ।

डिभिजन प्रमुख

# २१ सहसचिवको सरुवा

काठमाडौं, (नेस)

सरकारले २१ जना सहसचिवको सरुवा गरेको छ। सरुवा भएकामध्ये अधिकांश प्रदेशका रहेका छन्।

प्रदेश नम्बर १ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सह-सचिव सन्तोष श्रेष्ठलाई मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरिएको छ। यही प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयका यज्ञ खत्रीलाई मुख्यमन्त्री कार्यालय पठाइएको हो।

प्रदेश १ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा गंगाराम गेलाललाई पठाएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ। प्रदेश २ का आन्तरिक मामिला मन्त्रालयमा रहेका विष्णु केसीको संघीय मन्त्रालयको आन्तरिक समूहमा सरुवा भएको छ। देवीराम भण्डारीलाई प्रदेश २ को सामाजिक विकास मन्त्रालय पठाइएको हो।

२ नम्बर प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयमा किरण रूपाखेतीलाई पठाइएको हो। यो प्रदेशको आन्तरिक मामिला मन्त्रालयमा भने जगदीश रेग्मीलाई सरुवा गरिएको छ। प्रदेश २ को भूमि व्यवस्था मन्त्रालयमा वंशी शर्मालाई पठाइएको हो भने प्रदेश ३ को भूमि व्यवस्था मन्त्रालयमा विजयचन्द्र झालाई सरुवा गरी पठाइएको हो।

प्रदेश ३ को आन्तरिक मामिला मन्त्रालयमा रहेका बलदेव जोशीको प्रदेश १ को मुख्यमन्त्री कार्यालयमा सरुवा गरिएको छ। प्रदेश ३ को आन्तरिक मामिला मन्त्रालयमा राजकुमार श्रेष्ठलाई सरुवा गरी पठाइएको छ। प्रदेश ३ को आर्थिक मामिला मन्त्रालयमा केवल भण्डारीलाई पठाइएको छ।

प्रदेश ४ को आन्तरिक मामिला मन्त्रालयका प्रेम भट्टराईलाई प्रदेश ५ को प्रदेशसभा सचिवालयमा पठाइएको छ। आन्तरिक मामिलामा भने मानबहादुर विश्वकर्मालाई पठाइएको छ। प्रदेश ५ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वसन्त अधिकारीलाई सरुवा गरिएको छ।

प्रदेश ७ को आन्तरिक मामिला मन्त्रालयका पीताम्बर घिमिरेलाई सोही प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय पठाइएको हो। प्रदेश ७ को आन्तरिक मामिला मन्त्रालयमा शंकर अर्याल र सामाजिक विकास कोष सचिवालयमा श्याम अधिकारीलाई सरुवा गरिएको छ।

**वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको पुन: अनलाईन बोलपत्र (इ-टेण्डर) आव्हानको सूचना ।**

यस प्रतिष्ठानलाई आवश्यक तपसिलका सामानहरू छुट्टा छुट्टै बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म, संस्था तथा कम्पनी बाट फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र र आ.व. ०७३।०७४ को करचुक्ता प्रमाणपत्रको स्क्यान प्रति सहित पुन: अनलाईन बोलपत्र (e-tender) आव्हान गरिएको छ । अनलाईन बोलपत्र सम्वन्धी बिस्तृत सूचना, ठेक्का पट्टाका शर्तहरू, फाराम भर्ने तरिका आदि बारे सार्वजनिक खरिद अनुगमन कार्यालयको बोलपत्र सम्वन्धी वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । सोही सूचना, शर्त आदिको आधारमा अनलाईन ई-बोलपत्र मिति २०७५।०३।१९ गते (तदनुसार जुलाई ३, २०१८) दिउंसो १२:०० बजे भित्र पेश गर्न सूचित गरिन्छ । ई-बोलपत्र प्रकाशित मिति २०७५।०३।०४, ई-बोलपत्र खोल्ने मिति र समय २०७५।०३।१९ अपरान्ह २:०० बजे ।

| सि.नं. | बोलपत्रको विवरण | फारम दस्तुर | बोलपत्र जमानत रकम |
|---|---|---|---|
| १ | Intensive Care Ventilator-Retender (IFB No. BPKIHS/074/075/014) | रू.५०००।- | रू.५,८४,०००।- |
| २ | Supply and installation of negative pressure room -Retender (IFB No. BPKIHS/074/075/030) | रू.३०००।- | रू.७५,०००।- |

**सूची दर्ता गराउने सम्बन्धी सूचना**

यस नेपाल अपांग संघ-नेपाल अर्थोपेडिक अस्पताललाई आ.व. २०७५/७६ को लागि तपसिल बमोजिमका सामान तथा सेवाहरू आवश्यक भएकोले २०७५ असार १८ गते भित्र आवश्यक कागजात सहित सूची दर्ताको लागि निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

- मसलन्द तथा छपाई
- फर्निचर तथा फर्निसिङ
- कम्प्युटर, कम्प्युटर पार्टस् तथा सर्भिस
- इलेक्ट्रिकलका सामानहरू
- हार्डवेयर तथा प्लम्बिङ सम्बन्धी सामानहरू
- अक्सिजन तथा अक्सिजनका सामाग्रीहरू
- ल्याव टेस्टका रिएजेन्टहरू
- एक्स-रे फिल्म सामानहरू
- औषधि तथा औषधिजन्य सामाग्रीहरू
- मेडिकल/सर्जिकल उपकरण र सामान
- सर्जिकल इम्प्लान्ट
- लत्ता कपडा
- सरसफाइका साम्रागीहरू
- मानव संसाधन आपूर्ती (हाउसकिपिङ तथा सेक्युरिटी)
- निर्माण तथा निर्माण सम्बन्धी परामर्शदाता कम्पनीहरू

**नेपाल अपांग संघ-नेपाल अर्थोपेडिक अस्पताल**
खगेन्द्र नवजीवन केन्द्र, जोरपाटी, काठमाडौं